# बीमा समिति

# पदपूर्ति समिति

## कार्यक्षमता मूल्यांकन बढुवाको सूचना

**(सूचना प्रकाशित मिति २०७५।०७।०९)**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम बीमा समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०६८ को विनियम ६० बमोजिम कार्यक्षमता मूल्यांकनको आधारमा हुने बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले देहायको पदमा तोकिएको सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका सम्बन्धित सेवा/समूह/श्रेणी बमोजिम समितिका सम्भाव्य उम्मेदवारहरुले यो सूचना गोरखापत्रमा प्रकाशन भएको मितिले ३० दिनभित्र बीमा समिति, मानव संशाधन शाखा, कुपण्डोल, ललितपुरमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### तपसिल :

| सि. नं. | पद | सेवा /समूह/ श्रेणी/ स्तर | विज्ञापन नं | कार्यक्षमता मूल्यांकन | माग पद संख्या | योग्यता |
|---|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | प्रशासन/विशिष्ठ | ०१।०७५/०७६ | कार्यक्षमता मूल्यांकन तर्फ | १ | बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि पूरा गरेको र विनियम २० बमोजिम योग्यता पूरा गरेको। |
| २. | निर्देशक | प्रशासन/अधिकृत प्रथम | ०२।०७५।०७६ | कार्यक्षमता मूल्यांकन तर्फ | २ | |
| ३. | उप निर्देशक | प्रशासन/अधिकृत द्वितीय | ०३।०७५।०७६ | कार्यक्षमता मूल्यांकन तर्फ | १ | |

**द्रष्टव्य:**

(क) उम्मेदवारले दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनुपर्नेछ।

(ख) दरखास्त फाराम बीमा समितिको वेबसाइट www.nib.gov.np बाट download गर्नुपर्नेछ।

(ग) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५८ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्दछ।

(ङ) तोकिएको अवधिभित्र दरखास्त पेश नगरेमा त्यस्तो उम्मेदवारलाई साम्भाव्य उम्मेदवारको रुपमा समावेश गरिने छैन।

(च) बढुवाको लागि साम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम ५७ बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।